# " त्रिपुरासुन्दरी गाउँपालिकाको अध्यक्ष सँग विद्यार्थी कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१"

शिक्षा, युवा तथा खेलकुद शाखा

त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ

मिति: २०८१/११/०८

**प्रस्तावना :**

नेपालको संविधानसभावाट जारी भएको नेपालको संविधान २०७२ को धारा ३१ मा व्यवस्था भएको शिक्षा हक तथा बालबालिका सम्बन्धी ऐन २०७५ को परिच्छेद-२ मा व्यवस्था भएको बालबालिकाको अधिकार पूर्ण सुनिश्चित गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को (२) र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी त्रिपुरासुन्दरी गाउँपालिका भित्रका आर्थिक रुपमा विपन्न, अभिभावक विहीन बालबालिका, शारीरिक रुपमा अपागंता भएका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्नका लागि सहयोग गर्ने उद्देश्यका साथ त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाले पारित गरेको अध्यक्ष सँग विद्यार्थी कार्यक्रम कर्यान्वयन गर्न त्रिपुरासुन्दरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि वनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम अध्यक्ष सँग विद्यार्थी कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८१ रहेको छ ।

ख. यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "विद्यार्थी" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका (१७ वर्ष ११ महिना २९ दिन सम्मका ) व्यक्तिलाई सम्झनुपर्दछ ।

ख) "अध्यक्ष" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ग)"कार्यक्रम" भन्नाले विद्यार्थीले प्रत्यक्ष सेवा पाउने लक्ष्य तोकी सञ्चालन गरिने दिर्घकालीन/अल्पकालीन काम भन्ने सम्झनु पर्दछ ।

घ)"कार्यक्रम खर्च" भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरि लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।

ङ)"मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्दछ ।

च)"स्थानीय तह" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

छ)"शाखा" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका स्थित शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।



प्रमाणिकरण मिति: 2081/11/08

## परिच्छेद २

### उद्देश्य :

१. संविधानमा उल्लेखित अधिकारहरु र राज्य प्रदत्त सबै सेवा सुविधा र अवसरहरुमा बालबालिकाहरुलाई आम नागरिक सरह समान आधारमा पहुँच स्थापित गर्नु ।

२. बालबालिका सम्बन्धी ऐनले सुनिश्चित गरेका बालअधिकारहरुको पूर्ण उपयोग गर्न पाउने वातावरण सृजना गर्नु ।

३. बालबालिकाहरुका सवालहरुलाई विकासका प्रकृयाहरुमा समावेश गरी देशको समावेशी विकासमा योगदान पुऱ्याउनु ।

४. गाउँपालिका भित्रका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गरी ति बालबालिकाहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रत्यक्ष रुपमा बिद्यालयमा अन्तरक्रिया गरी उनीहरुको मागमा आधारित विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद ३

### कार्यक्रम लागु गर्ने प्राथमिकताका क्षेत्र सम्बन्धी व्यवस्था

१. शिक्षाका मूलधारमा आउन नसकेका बालबालिकाहरुलाई मूलधारमा ल्याउने कार्यक्रम सञ्चालन गर्ने । गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति मार्फत सहयोग पुऱ्याउने ।

२. गाउँपालिका भित्रका बालबालिकाहरुलाई उच्च शिक्षा तथा प्राविधिक विषयहरु अध्ययनका लागि (अन्यत्र गएपनि) सहयोग गर्ने ।

३. आमा बुबा वा सो मध्ये कुनै एक नभएका बालबालिकाहरुलाई शैक्षिक सामग्री तथा छात्रवृत्ति मार्फत सहयोग पुऱ्याउने ।

४. SEE तथा BLE परीक्षामा गाउँपालिका बाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कार दिइ प्रोत्साहित गर्ने ।

५. अभिभावक र विद्यार्थीहरु बिच अन्तरक्रिया कार्यक्रम संचालन गरी अभिभावक शिक्षामा सहयोग पुऱ्याउने ।

६. अपाङ्गता भएका बालबालिकाहरुका लागि सहायता सामाग्री उपलब्ध गराउने ।

७. विद्यार्थीहरुलाई व्यक्तिगत, पारिवारिक, सामुदायिक सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी सीप र जीवन उपयोगी ज्ञान दिन, तालिम, छलफल, अन्तर्क्रिया विशेष सप्ताह जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने ।

८. संरक्षण, सहभागीता र अभिव्यक्तिमा सहयोग गर्ने ।

९. बालबिकास केन्द्रलाई बालउद्यान सामग्री व्यवस्थापन गर्ने, गराउने ।

मिति: २०८१.९.१०

## परिच्छेद २
## उद्देश्य :

१. संविधानमा उल्लेखित अधिकारहरु र राज्य प्रदत्त सबै सेवा सुविधा र अवसरहरुमा बालबालिकाहरुलाई आम नागरिक सरह समान आधारमा पहुँच स्थापित गर्नु ।

२. बालबालिका सम्बन्धी ऐनले सुनिश्चित गरेका बालअधिकारहरुको पूर्ण उपयोग गर्न पाउने वातावरण सृजना गर्नु ।

३. बालबालिकाहरुका सवालहरुलाई विकासका प्रकृयाहरुमा समावेश गरी देशको समावेशी विकासमा योगदान पुऱ्याउनु ।

४. गाउँपालिका भित्रका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गरी ति बालबालिकाहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रत्यक्ष रुपमा बिद्यालयमा अन्तरक्रिया गरी उनीहरुको मागमा आधारित विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद ३
## कार्यक्रम लागु गर्ने प्राथमिकताका क्षेत्र सम्बन्धी व्यवस्था

१. शिक्षाका मूलधारमा आउन नसकेका बालबालिकाहरुलाई मूलधारमा ल्याउने कार्यक्रम सञ्चालन गर्ने । गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति मार्फत सहयोग पुऱ्याउने ।

२. गाउँपालिका भित्रका बालबालिकाहरुलाई उच्च शिक्षा तथा प्राविधिक विषयहरु अध्ययनका लागि (अन्यत्र गएपनि) सहयोग गर्ने ।

३. आमा बुबा वा सो मध्ये कुनै एक नभएका बालबालिकाहरुलाई शैक्षिक सामग्री तथा छात्रवृत्ति मार्फत सहयोग पुऱ्याउने ।

४. SEE तथा BLE परीक्षामा गाउँपालिका बाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कार दिइ प्रोत्साहित गर्ने ।

५. अभिभावक र विद्यार्थीहरु बिच अन्तरक्रिया कार्यक्रम संचालन गरी अभिभावक शिक्षामा सहयोग पुऱ्याउने ।

६. अपाङ्गता भएका बालबालिकाहरुका लागि सहायता सामाग्री उपलब्ध गराउने ।

७. विद्यार्थीहरुलाई व्यक्तिगत, पारिवारिक, सामुदायिक सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी सीप र जीवन उपयोगी ज्ञान दिन, तालिम, छलफल, अन्तर्क्रिया विशेष सप्ताह जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने ।

८. संरक्षण, सहभागीता र अभिव्यक्तिमा सहयोग गर्ने ।

९. बालविकास केन्द्रलाई बालउद्यान सामग्री व्यवस्थापन गर्ने, गराउने ।

प्रमाणीकरण मिति: २०८१।११।०५

## परिच्छेद-४

### कार्यक्रमको ढाँचा (programme module) र कार्यान्वयन सम्बन्धी व्यवस्था

**१. कार्यक्रमको ढाँचा (programme module) :-** यो कार्यक्रमका लागि अध्यक्ष सँग विद्यार्थी कार्यक्रम शिर्षकमा प्रत्येक आर्थिक बर्षमा निश्चित रकम विनियोजन गरिनेछ । सोका लागि प्रत्यक्ष रुपमा गाउँपालिका भित्रका विद्यालयमा अध्यक्ष र विद्यार्थी बीचको साक्षात्कार तथा भेलाद्धारा बालबालिकाहरुका शैक्षिक तथा आर्थिक अवस्था बुझि उनीहरुको तत्कालिन आवश्यकता लाई सम्बोधन गरि नगद तथा शैक्षिक सामग्री वितरणको कार्यक्रम लागू गरिनेछ । विशेष आवश्यकता देखिएका विद्यालयले प्राथमिकताको क्षेत्रका आधारमा योजना तयार पारि शिक्षा शाखा मार्फत योजना छनौट गर्ने र अनुमोदनका लागि अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ । यसरी प्रस्ताव हुन आएका कार्यक्रमहरुको अन्तिम छनौटका लागि १५ दिन भित्र अन्य प्रकृया मिलाइ अध्यक्षद्धारा टुङ्गो लगाइनेछ ।

**२. कार्यक्रमको कार्यान्वयन :-**

१. कार्यक्रम कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी शिक्षा, युवा तथा खेलकुद शाखाको हुनेछ ।

२. उपदफा (१) मा जुन सुकै कुरा लेखीएको भएतापनि कार्यक्रम सञ्चालनका क्रममा आवश्यकता अनुसार गाउँपालिका भित्र दर्ता/सूचीकृत भएका अन्य संघसंस्था मार्फत समन्वय वा सहकार्य गरि सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद ५

### शाखाको काम,कर्तव्य र अधिकार

शाखाको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

३. बालबालिका सँग अध्यक्ष कार्यक्रमको क्षेत्रमा पर्ने सम्पूर्ण कार्यहरुको कार्यान्वयन गर्ने ,

४. बालबालिकाहरुलाई अन्य नागरिक सरह समानता कायम गर्दै शिक्षामा पहुँच, बालबालिकाको सर्वाङ्गीण विकास (कला रचना, खेलकुद, मनोरञ्जन, अवलोकन) सामाजिक न्याय र दक्ष बनाउनका लागि पूर्ण प्रभावकारी व्यवस्थापकीय पक्षमा जोड दिँदै बालबालिकाहरुलाई सुरक्षाको प्रत्याभूती दिलाउने,

५. बालबालिकाहरुको आवश्यकता पहिचान गरि त्यसको परिपुर्तिका लागि आवश्यकता अनुसार स्थानीय तह तथा अध्यक्षसँग समन्वय तथा सहकार्य गर्ने ।

६. अध्यक्ष संग विद्यार्थी कार्यक्रममा सम्बन्धित भए गरेका सबै कार्यक्रमको अनुगमन, मूल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन तथा बालबालिकाहरुको तथ्याङ्क तयार पार्ने ।

## परिच्छेद-६

### कार्यक्रम खर्च व्यवस्थापन

कार्यक्रम सम्बन्धी खर्च व्यवस्थापन देहाय बमोजिम हुनेछ :



२०८१/११/०८

१.स्थानीय तहले जुन उद्देश्यको लागि रकम उपलब्ध गराएको गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ।

२.यस कार्यविधि बमोजिम प्राप्त/उपलब्ध भएको कार्यक्रम खर्चको अवधि चालु आ.व सम्म हुनेछ।

३.यस्तो अनुदानको भुक्तानी गाउँ सभावाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ।

४. कार्यक्रम सम्बन्धी रकम खर्च गर्दा प्रचलित कानुनको अधिनमा रही गर्नुपर्ने छ।

५.विद्यार्थीहरुको माग तथा आवश्यकताको प्राथमिकताका आधारमा रकम उपलब्ध गराउनेछ।

६. बालबिकास केन्द्रलाई बालउद्यान सामग्री व्यवस्थापन उपलब्ध गराइनेछ।

## परिच्छेद-७

## प्रतिवेदन, बैठक भत्ता तथा अभिलेख राख्ने :

**प्रतिवेदन:**

१. अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका कार्यक्रमको काम कारबाहीको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र अध्यक्षको सचिवालय समक्ष पेश गर्नु पर्नेछ।

२. मन्त्रालय वा स्थानीय तहले उपदफा (१) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ।

**बैठक भत्ता :** यस कार्यक्रम छनौट गर्दा योजना तर्जुमाको बैठकमा भाग लिँए वापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउन सक्नेछन्।

**अभिलेख राख्ने :** कार्यक्रमको काम कारवाहीको अभिलेख शाखाले दुरुस्त राख्नुपर्नेछ।

## परिच्छेद ८

## अनुगमन, मूल्यांकन तथा प्रतिवेदन

अनुगमन, मूल्यांकन तथा प्रतिवेदन देहाय बमोजिम हुनेछ।

१. शाखाको सम्पूर्ण कियाकलापको अनुगमन र पृष्ठपोषण अध्यक्षको उपस्थितिमा स्थानीय तहले गर्नेछ।

२. स्थानीय तहबाट विनियोजीत रकम खर्च गर्दा प्रचलित ऐन र नियमावली साथै यस कार्यविधिको अधिनमा कार्यक्रमको कार्यान्वयन र खर्च गर्नु पर्नेछ।

## परिच्छेद ९

## विविध

**गुनासो सम्बन्धी व्यवस्था :** (१) विनियोजीत रकम शाखाले प्रचलित कानुन एंव यस कार्यविधि बमोजिम उचित उपयोग नगरेको भन्ने विषयसँग सम्बन्धित विषयमा उजुरी परेमा स्थानीय तहले अनुगमन गरि गुनासो व्यवस्थापन गर्नेछ।



२०८१/११/२५

**प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**संसोधन, खारेजीः-** गाउँकार्यपालिकाले यो कार्यविधिलाई समय सापेक्ष संसोधन परिमार्जन र खारेज गर्न सकिनेछ ।यस शिर्षकबाट यो कार्यविधि लागू हुनुपुर्व भएका खर्चहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।



प्रमाणिकरण मिति: ८०(९)११।०१